# राष्ट्रिय उपभोक्ता मंच
केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं
**NATIONAL CONSUMER FORUM**
Central Office : Anamnagar, Kathmandu - 32
Liason Office: Imukhel Children Park - 32 Lalitpur.
emial: consumers_forum@ntc.net.np

Fix our phone rights!
World Consumer Rights Day
15 March 2014

मिति : २०७१।८।२२

श्रीमान प्रमुख आयुक्तज्यू,
अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
नक्साल, काठमाडौं ।

माननीय सभापतिज्यू,
उद्योग बाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समिति
व्यवस्थापिका संसद सचिवालय,
सिंहदरबार, काठमाडौं ।

बिषय : उपभोक्ता हित बिपरितको कार्य रोकी पेट्रोलियम पदार्थको मूल्य निर्धारण गरी पाउं ।

श्रीमान प्रमुख आयुक्तज्यू,

उपरोक्त बिषयमा निवेदन गर्दछौं कि बिगत केही समय देखि अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य व्यापक रुपमा घट्ने क्रम जारी नै रहेकोछ । मांग र आपूर्तिको आधारमा बजार मूल्य निर्धारण हुंदै आएको पेट्रोलियम पदार्थको मूल्य नेपालमा सरकारले आफैले निर्धारण गर्दै आएको भएतापनि उपभोक्ताहरुको व्यापक दवावका कारण आश्विन १६ गते देखि लागु हुने गरी इण्डियन आयल कर्पोरेशनले बिलिंग गरेको आधारमा महिनाको २ पटक (१ र १६ तारिखमा पठाउने बिल) मूल्य समायोजन गर्ने नीति लिएकोछ जस्लाई नेपाल सरकारले स्वचालित मूल्य प्रणाली घोषणा गरेको व्यहोरा अवगत नै छ होला ।

नेपाल आयल निगमको अकर्मण्यता, राजनैतिक हस्तक्षेप तथा निगमको आन्तरिक भ्रष्टाचारको कारण निगमले व्यहोरेको घाटा तथा ऋण र सो मा लागेको व्याज समेत उपभोक्तालाई तिराउंदै आएको नेपाल आयल निगमले अझै पनि सरकारको आदेश निर्देश बिपरित इण्डियन आयल कर्पोरेशनले बिलिंग गरेको मूल्य बमोजिम स्वचालित मूल्य कायम गरेको छैन । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य (प्रति व्यारेल अमेरिकी डलर ६८ को हाराहारीमा रहेको) प्रति लिटर ३० रुपैयां पनि नपर्ने अवस्था आई सकेको, इण्डियन आयल कर्पोरेशनले बिलिंग गरेको मूल्य प्रति लिटर ५० रुपैयां पनि नपरेको अवस्थामा सर्वसाधारण उपभोक्तालाई हिजो (२०७१ मंसिर १६ गते) कायम गरेको पेट्रोलको मूल्य १२३।०० र डिजेलको मूल्य ९७।५० छ । नेपाल सरकारको पूर्ण स्वामित्व भएको नेपाल आयल निगमले नै सर्वसाधारण उपभोक्ताहरुबाट पेट्रोलियम पदार्थको अत्याधिक मूल्य लिंदै आएकोछ ।

# राष्ट्रिय उपभोक्ता मंच

## केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौं

**NATIONAL CONSUMER FORUM**

**Central Office : Anamnagar, Kathmandu - 32**

**Liason Office: Imukhel Children Park - 32 Lalitpur.**

**emial: consumers_forum@ntc.net.np**


Fix our phone rights!

World Consumer Rights Day
15 March 2014

भारत भरमा भारत सरकारले खाना पकाउने ग्यांसको मूल्यमा समेत २८० रुपैयां घटाई र अझ घटाउनको लागि गृह कार्य गरी रहेको अवस्थामा नेपालमा अझै १४७०।०० प्रति शिलिण्डर नै लिंदै आएकोछ । घाटा न्युनीकरण गर्नको लागि उपभोक्तासंग अन्तर्राष्ट्रिय बजार भन्दा बढि मूल्य लिनु भनेको पूर्णत: उपभोक्तालाई चरम शोषण गर्ने हो ।

नागरिक शोषण बिरुध्द काम गर्ने सरकारको एक अंगको रुपमा रहेको नेपाल आयल निगमले नै यसरी पेट्रोलियम पदार्थको मूल्यमा चरम नाफा खाई कालो बजार तथा केही सामाजिक अपराध नियन्त्रण ऐन, २०३२, स्वच्छ बजार तथा प्रतिस्पर्धा प्रबर्द्धन ऐन २०६३ र उपभोक्ता संरक्षण ऐन २०५४ बिपरित कारोवार गरेको देखिएको हुंदा नेपाल आयल निगमका व्यवस्थापन माथि आवश्यक कानूनी कारवाही गरी पाउन अनुरोध गर्दछौं ।

साथै पेट्रोलियम पदार्थको मूल्य इण्डियन आयल कर्पोरेशनले बिलिंग गरेकै दर रेटमा (प्राबिधिक तथा व्यवस्थापन खर्च समावेश गरी) मूल्य कायम गर्न लगाई सर्वसाधारण उपभोक्तालाई राहत दिलाई पाउनको लागि प्रमुख आयुक्तज्यू समक्ष हार्दिक अनुरोध गर्दछौं ।

बोधार्थ तथा कार्यार्थ :
सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय,
सिंहदरबार, काठमाडौं ।

(प्रेमलाल महर्जन)
अध्यक्ष